# प्रदेश लोकसेवा आयोग
## लुम्बिनी प्रदेश

**सूचना नं १०१/०८१-०८२** **प्रकाशन मिति: २०८१/०६/३०**

आयोगको मिति २०८१।०६।२५ गते प्रकाशित सूचना नं. ९७/०८१-०८२ र सूचना नं. १००/०८१-०८२ बमोजिम प्रदेश निजामती सेवा अन्तर्गतको अधिकृत आठौं/सातौं तह प्राविधिक/अप्राविधिक पदको अन्तरतह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापनका लागि राखिएको विज्ञापन नम्बरमा प्राविधिक समस्या आई Online दरखास्त प्रणालीमा प्रविष्ट गर्न नमिलेको हुँदा विज्ञापन नम्बर संशोधन गरी देहाय बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**प्रदेश निजामती सेवा अन्तर्गत अधिकृत आठौं तह स्वास्थ्य सेवा (प्राविधिक) पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाको विज्ञापन नम्बरको विवरण :**
**साविक सूचना नं. ९७/०८१-०८२**

| क्र.सं. | संशोधित विज्ञापन नं. | साविक विज्ञापन नं. | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ५१०२७/०८१/८२ | HLT-५१००१/०८१/८२ | आयुर्वेद चिकित्सक | प्रदेश स्वास्थ्य/ जनरल आयुर्बेद | खुला | २ |
| २. | ५१०२८/०८१/८२ | HLT-५१००२/०८१/८२ | | | आ.ज. महिला | १ |
| ३. | ५१०२९/०८१/८२ | HLT-५१००३/०८१/८२ | | | मधेशी महिला | १ |
| ४. | ५१०३०/०८१/८२ | HLT-५१००४/०८१/८२ | डेन्टल सर्जन | प्रदेश स्वास्थ्य/डेन्टिष्ट्री | खुला | २ |
| ५. | ५१०३१/०८१/८२ | HLT-५१००५/०८१/८२ | | | आ.ज. महिला | १ |

**परीक्षाको किसिम:-** पाठ्यक्रममा तोकिए अनुसार।

**परीक्षा केन्द्र:-** बुटवल।

**परीक्षा मिति, समय र स्थान:-** परीक्षा समय-तालिका सम्बन्धी जानकारी पछि प्रकाशन गरिनेछ।

**परीक्षाको माध्यम:-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

**दरखास्तको माध्यम:-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ। उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ।

**दरखास्त दस्तुर:-** दरखास्त दस्तुर रु. १०००।- (एकहजार) बुझाउनु पर्नेछ। थप समूह तथा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रु. ४००/- (चारसय) थप दस्तुर बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी भुक्तानी गर्नु पर्नेछ। Online Payment गर्ने उम्मेदवारहरूले तोकिएकाहरूमध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिने छ। Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गइ ढिलोमा दोब्बर दस्तुरको भोलिपल्टसम्ममा बुझाइ सक्नुपर्नेछ। यस सम्बन्धी विस्तृत विवरण वेबसाइटमा राखिएको User Manual मा छ।

| | |
|---|---|
| **दरखास्त दिने अन्तिम मिति:-** | २०८१।०७।२० गतेसम्म र दोब्बर दस्तुर तिरी २०८१।०७।२७ गतेसम्म। |
| **उम्मेदवारको उमेरको हद:-** | ❖ प्रचलित कानून अनुसारका निजामती सेवाका पदहरूमा २०८१।०७।२० सम्म २१ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको।<br>❖ संघीय र प्रदेश निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन २०७५ अनुसार सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तथा यो ऐन प्रारम्भ भएपछि संघीय निजामती सेवा वा स्थानीय सेवामा नियुक्ति भएका कर्मचारीहरुमा उमेरको हद लाग्ने छैन। |
| **पेश गर्नुपर्ने कागजातहरु:-** | दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ।<br>*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ। प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ।* |
| **पदमा रही गर्नुपर्ने कामको विवरण:-** | सेवा, समूह सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम। |
| **सेवा, शर्त र सुविधा:-** | सेवा, शर्त र सुविधा सम्बन्धमा प्रचलित कानून बमोजिम हुने। |
| **सेवा सम्बन्धी मन्त्रालय:-** | सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सम्बन्धित निकाय। |

**आवश्यक न्यूनतम योग्यता:**

(क) **खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवा ऐन ,२०८० को दफा १८, बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाको लागि उम्मेदवार हुन सक्नेछन्।

(ख) **खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक शैक्षिक योग्यता**

१. प्रदेश स्वास्थ्य/जनरल आयुर्वेद/आयुर्वेद चिकित्सक आठौं पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट आयुर्वेद चिकित्सा स्नातक उपाधी प्राप्त गरेको।

२. प्रदेश स्वास्थ्य/डेन्टिष्ट्री/जनरल डेन्टल/डेन्टल सर्जन आठौं पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट बि.डि.एस्सी. वा बि.डि.एस. उपाधि प्राप्त गरेको।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ ।

**(क)** आदिवासी जनजातिका हकमा: नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

**(ख)** मधेशीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

***(ग)*** *स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लावाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयवाट लिएको, माथी उल्लेखित ऐनले तोकेका जिल्लामा विवाह गरी वा बसाइँसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराईको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराई गरेको कागजात ।*

### द्रष्टव्य

**(क)** आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

**(ख)** लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

**(ग)** लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।

**(घ)** खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ ।

**(ङ)** निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (१४) मा उल्लेख भएबमोजिम संघीय निजामती सेवा, सबै प्रदेशका निजामती सेवा वा सबै स्थानीय सेवामा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुल्ला वा अन्तरतह प्रतियोगिताद्धारा पदपूर्ति हुने पदको समान पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन ।

**(च)** पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list बाट प्राप्त गर्न सकिनेछ । सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ ।

**(छ)** दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइ हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुरको अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।

**(ज)** माथी नखुलेका विषयहरु प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८० बमोजिम हुनेछ ।

**(झ)** दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ ।

**प्रदेश निजामती सेवा अन्तर्गत अधिकृत सातौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुको अन्तरतह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन नम्बरको विवरण :**

**साविक सूचना नं. १००/०८१-०८२**

| क्र.सं. | संशोधित विज्ञापन नं. | साविक विज्ञापन नं. | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ५०००६/०८१-८२ | ADM-५०००१/०८१-८२ | शाखा अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | अन्तरतह | ३ |
| | | ADM-५००१०/०८१-८२ | लेखा अधिकृत | प्रदेश प्रशासन/लेखा | | १ |
| २. | ५०००७/०८१-८२ | ADM-५०००२/०८१-८२ | शाखा अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | खुला | ७ |
| | | ADM-५००११/०८१-८२ | लेखा अधिकृत | प्रदेश प्रशासन/लेखा | | ३ |
| ३. | ५०००८/०८१-८२ | ADM-५०००३/०८१-८२ | शाखा अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | खस आर्य महिला | १ |
| ४. | ५०००९/०८१-८२ | ADM-५०००४/०८१-८२ | शाखा अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | आ.ज. महिला | १ |
| | | ADM-५००१२/०८१-८२ | लेखा अधिकृत | प्रदेश प्रशासन/लेखा | | १ |
| ५. | ५००१०/०८१-८२ | ADM-५०००५/०८१-८२ | शाखा अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | मधेशी महिला | १ |
| | | ADM-५००१३/०८१-८२ | लेखा अधिकृत | प्रदेश प्रशासन/लेखा | | १ |
| ६. | ५००११/०८१-८२ | ADM-५०००६/०८१-८२ | शाखा अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | दलित महिला | १ |
| ७. | ५००१२/०८१-८२ | ADM-५०००७/०८१-८२ | शाखा अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | थारु महिला | १ |
| ८. | ५००१३/०८१-८२ | ADM-५०००८/०८१-८२ | शाखा अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | विपन्न खस आर्य महिला | १ |
| ९. | ५००१४/०८१-८२ | ADM-५०००९/०८१-८२ | शाखा अधिकृत | प्रदेश प्रशासन/सामान्य प्रशासन | मुस्लिम महिला | १ |
| १०. | ५००१५/०८१-८२ | ADM-५००१४/०८१-८२ | तथ्याङ्क अधिकृत | प्रदेश प्रशासन/तथ्याङ्क | खुला | २ |
| ११. | ५००१६/०८१-८२ | ADM-५००१५/०८१-८२ | तथ्याङ्क अधिकृत | प्रदेश प्रशासन/तथ्याङ्क | आ.ज. महिला | १ |
| १२. | ५१०३२/०८१-८२ | HLT-५१००१/०८१-८२ | कम्युनिटी नर्सिङ अधिकृत | प्रदेश स्वास्थ्य/कम्युनिटि नर्सिङ | खुला | १ |
| १३. | ५१०३३/०८१-८२ | HLT-५१००३/०८१-८२ | जनस्वास्थ्य अधिकृत | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | अन्तरतह | १ |
| १४. | ५१०३४/०८१-८२ | HLT-५१००२/०८१-८२ | इन्टोमोलोजिष्ट | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | खुला | १ |
| | | HLT-५१००४/०८१-८२ | जनस्वास्थ्य अधिकृत | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | | ३ |
| १५. | ५१०३५/०८१-८२ | HLT-५१००५/०८१-८२ | जनस्वास्थ्य अधिकृत | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | आ.ज. महिला | १ |
| १६. | ५१०३६/०८१-८२ | HLT-५१००६/०८१-८२ | जनस्वास्थ्य अधिकृत | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | मधेशी महिला | १ |
| १७. | ५१०३७/०८१-८२ | HLT-५१००७/०८१-८२ | मेडिकल रेकर्ड अधिकृत | प्रदेश स्वास्थ्य/मेडिकल रेकर्ड | खुला | १ |
| १८. | ५१०३८/०८१-८२ | HLT-५१००८/०८१-८२ | फार्मेसी अधिकृत | प्रदेश स्वास्थ्य/फार्मेसी | खुला | १ |
| १९. | ५१०३९/०८१-८२ | HLT-५१००९/०८१-८२ | बायोमेडिकल इन्जिनियर | प्रदेश स्वास्थ्य/बायोमेडिकल इन्जिनियरिङ | खुला | १ |
| २०. | ५१०४०/०८१-८२ | HLT-५१०१०/०८१-८२ | रेडियोग्राफी टेक्नोलोजिष्ट | प्रदेश स्वास्थ्य/रेडियोग्राफी | खुला | १ |

| क्र.सं. | संशोधित विज्ञापन नं. | साविक विज्ञापन नं. | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| २१. | ५२००८/०८१-८२ | ENG-५२००१/०८१-८२ | हाइड्रोजियोलोजीष्ट | प्रदेश इन्जिनियरिङ/जियोलोजी/हाइड्रो जियोलोजी | खुला | १ |
| | | ENG-५२००२/०८१-८२ | ईन्जिनियर | प्रदेश इन्जिनियरिङ/जियोलोजी | | १ |
| २२. | ५२००९/०८१-८२ | ENG-५२००३/०८१-८२ | नापी अधिकृत | प्रदेश इन्जिनियरिङ/सर्वे | खुला | १ |
| २३. | ५३००७/०८१-८२ | AGR-५३००७/०८१-८२ | बाली विकास अधिकृत | प्रदेश कृषि/बाली विकास | अन्तरतह | १ |
| | | AGR-५३०११/०८१-८२ | कृषि अर्थ अधिकृत | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | | १ |
| २४. | ५३००८/०८१-८२ | AGR-५३००१/०८१-८२ | कृषि प्रसार अधिकृत | प्रदेश कृषि/कृषि प्रसार | खुला | १ |
| | | AGR-५३००३/०८१-८२ | बागवानी बिकास अधिकृत | प्रदेश कृषि/बागवानी विकास | | १ |
| | | AGR-५३००४/०८१-८२ | बाली संरक्षण अधिकृत | प्रदेश कृषि/बाली संरक्षण | | १ |
| | | AGR-५३००८/०८१-८२ | बाली विकास अधिकृत | प्रदेश कृषि/बाली विकास | | ३ |
| | | AGR-५३०१२/०८१-८२ | कृषि अर्थ अधिकृत | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | | २ |
| | | AGR-५३०१५/०८१-८२ | माटो विज्ञान अधिकृत | प्रदेश कृषि/माटो विज्ञान | | १ |
| २५. | ५३००९/०८१-८२ | AGR-५३००२/०८१-८२ | कृषि प्रसार अधिकृत | प्रदेश कृषि/कृषि प्रसार | आ.ज. महिला | १ |
| | | AGR-५३००९/०८१-८२ | बाली विकास अधिकृत | प्रदेश कृषि/बाली विकास | | १ |
| | | AGR-५३०१३/०८१-८२ | कृषि अर्थ अधिकृत | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | | १ |
| २६. | ५३०१०/०८१-८२ | AGR-५३०१०/०८१-८२ | बाली विकास अधिकृत | प्रदेश कृषि/बाली विकास | मधेशी महिला | १ |
| | | AGR-५३०१४/०८१-८२ | कृषि अर्थ अधिकृत | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | | १ |
| २७. | ५३०११/०८१-८२ | AGR-५३००५/०८१-८२ | मत्स्य विकास अधिकृत | प्रदेश कृषि/मत्स्य विकास | खुला | १ |
| २८. | ५३०१२/०८१-८२ | AGR-५३००६/०८१-८२ | पशु विकास अधिकृत | प्रदेश कृषि/ला.पो.डे.डे. | खुला | १ |
| २९. | ५३०१३/०८१-८२ | AGR-५३०१६/०८१-८२ | पशु चिकित्सक | प्रदेश कृषि/भेटेरिनरी | अन्तरतह | १ |
| ३०. | ५३०१४/०८१-८२ | AGR-५३०१७/०८१-८२ | पशु चिकित्सक | प्रदेश कृषि/भेटेरिनरी | खुला | २ |
| ३१. | ५३०१५/०८१-८२ | AGR-५३०१८/०८१-८२ | पशु चिकित्सक | प्रदेश कृषि/भेटेरिनरी | आ.ज. महिला | १ |
| ३२. | ५४००५/०८१-८२ | FOR-५४००१/०८१-८२ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | अन्तरतह | ३ |
| ३३. | ५४००६/०८१-८२ | FOR-५४००२/०८१-८२ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | खुला | ७ |
| | | FOR-५४०१०/०८१-८२ | भू-संरक्षण अधिकृत | प्रदेश वन/स्वायल एण्ड वाटर कन्जरभेसन | | १ |
| | | FOR-५४०११/०८१-८२ | तालिम तथा अनुसन्धान अधिकृत | प्रदेश वन/फरेष्ट रिसर्च | | १ |
| ३४. | ५४००७/०८१-८२ | FOR-५४००३/०८१-८२ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | खस आर्य महिला | १ |

| क्र.सं. | संशोधित विज्ञापन नं. | साविक विज्ञापन नं. | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| ३५. | ५४००८/०८१-८२ | FOR-५४००४/०८१-८२ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | आ.ज. महिला | १ |
| ३६. | ५४००९/०८१-८२ | FOR-५४००५/०८१-८२ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | मधेशी महिला | १ |
| ३७. | ५४०१०/०८१-८२ | FOR-५४००६/०८१-८२ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | दलित महिला | १ |
| ३८. | ५४०११/०८१-८२ | FOR-५४००७/०८१-८२ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | थारु महिला | १ |
| ३९. | ५४०१२/०८१-८२ | FOR-५४००८/०८१-८२ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | विपन्न खस आर्य महिला | १ |
| ४०. | ५४०१३/०८१-८२ | FOR-५४००९/०८१-८२ | वन अधिकृत | प्रदेश वन/जनरल फरेष्ट्री | मुस्लिम महिला | १ |
| ४१. | ५५००३/०८१-८२ | EDU-५५००१/०८१-८२ | शिक्षा अधिकृत | प्रदेश शिक्षा/शिक्षा प्रशासन | खुला | २ |
| ४२. | ५५००४/०८१-८२ | EDU-५५००२/०८१-८२ | शिक्षा अधिकृत | प्रदेश शिक्षा/शिक्षा प्रशासन | आ.ज. महिला | १ |
| ४३. | ५५००५/०८१-८२ | EDU-५५००३/०८१-८२ | पुरातत्व अधिकृत | प्रदेश शिक्षा/पुरातत्व | खुला | १ |

**परीक्षाको किसिम:-** पाठ्यक्रममा तोकिए अनुसार।

**परीक्षा केन्द्र:-** बुटवल।

**परीक्षा मिति, समय र स्थान:-** परीक्षा समय-तालिका सम्बन्धी जानकारी पछि प्रकाशन गरिनेछ।

**परीक्षाको माध्यम:-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

**दरखास्तको माध्यम:-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ। उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ।

**दरखास्त दस्तुर:-** दरखास्त दस्तुर रु. १०००।- (एकहजार) बुझाउनु पर्नेछ। थप समूह तथा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रु. ४००/- (चारसय) थप दस्तुर बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी भुक्तानी गर्नु पर्नेछ। Online Payment गर्ने उम्मेदवारहरूले तोकिएकाहरूमध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिने छ। Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गइ ढिलोमा दोब्बर दस्तुरको भोलिपल्टसम्ममा बुझाइ सक्नुपर्नेछ। यस सम्बन्धी विस्तृत विवरण वेबसाइटमा राखिएको User Manual मा छ।

**दरखास्त दिने अन्तिम मिति:-** २०८१।०७।२० गतेसम्म र दोब्बर दस्तुर तिरी २०८१।०७।२७ गतेसम्म।

**उम्मेदवारको उमेरको हद:-**

- प्रचलित कानून अनुसारका निजामती सेवाका पदहरूमा २०८१।०७।२० सम्म २१ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको।
- संघीय र प्रदेश निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन २०७५ अनुसार सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तथा यो ऐन

प्रारम्भ भएपछि संघीय निजामती सेवा वा स्थानीय सेवामा नियुक्ति भएका कर्मचारीहरुमा उमेरको हद लाग्ने छैन।

**पेश गर्नुपर्ने कागजातहरु:-** दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ।

*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ। प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ।*

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम।

**सेवा, शर्त र सुविधा:-** सेवा, शर्त र सुविधा सम्बन्धमा प्रचलित कानून बमोजिम हुने।

**सेवा सम्बन्धी मन्त्रालय:-** सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सम्बन्धित निकाय।

### आवश्यक न्यूनतम योग्यता:

**(ग) अन्तरतह प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवाको अन्तरतह प्रतियोगिता तर्फ दरखास्त दिन चाहने उम्मेदवारले निजामती सेवा ऐन २०८० को दफा १०(४) र प्रदेश निजामती सेवा नियमावलीको नियम ७० बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

२. प्रदेश निजामती सेवा ऐन २०८० को दफा १८ उपदफा(२) बमोजिम अयोग्य नभएको।

**(घ) खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक योग्यता**

२. प्रदेश निजामती सेवा ऐन ,२०८० को दफा १८, बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाको लागि उम्मेदवार हुन सक्नेछन्।

**(ङ) अन्तरतह/खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक शैक्षिक योग्यता**

३. प्रदेश प्रशासन/सामान्य प्रशासन समुह, सातौ तह शाखा अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

४. प्रदेश प्रशासन/लेखा समुह, सातौ तह लेखा अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको।

५. प्रदेश ईन्जिनियरिङ्ग/जियोलोजी/हाईड्रो जियोलोजी/हाइड्रोजियोलोजिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रोजियोलोजी विषयमा वा हाइड्रोजियोलोजी वा ग्राउण्ड वाटर हाइड्रोलोजी लिइ जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इन्जिनियरिङ वा एप्लाइड जियोलोजिमा एम.एस्सी वा सो सरहको स्नातकोत्तर उपाधी प्राप्त गरेको वा जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ वा जियोफिजिक्स विषयमा एम.एस्सी वा सो सरहको स्नातकोत्तर उपाधी प्राप्त गरी ग्राउण्ड वाटर सम्बन्धी विषयमा तीन महिनाको तालिम प्राप्त गरेको।

६. प्रदेश ईन्जिनियरिङ्ग/जियोलोजी/ईन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट ईन्जिनियरिङ्ग जियोलोजी विषयमा ईन्जिनियरिङ्ग जियोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा हाइड्रो जियोलोजी वा एप्लाइड जियोलोजी वा जियोलोजीकल ईन्जिनियरिङ्गमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधी प्राप्त गरेको वा

जियोलोजी वा जियोलोजीकल ईन्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधी प्राप्त गरी ईन्जिनियरिङ्ग जियोलोजी सम्बन्धि विषयमा तीन महिनाको तालिम प्राप्त।

७. प्रदेश शिक्षा/पुरातत्व/पुरातत्व अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट पुरातत्त्वमा स्नातक वा सो सरह उत्तीर्ण वा ईतिहास वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी पुरातत्त्व वा नेतृत्व वा अभिलेख विज्ञानमा स्नातक उत्तीर्ण गरेको।

८. प्रदेश कृषि/कृषि प्रसार/ कृषि प्रसार अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण गरेको।

९. प्रदेश कृषि/बागवानी विकास/बागवानी विकास अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण गरेको।

१०. प्रदेश कृषि/बाली संरक्षण/बाली संरक्षण अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण गरेको।

११. प्रदेश कृषि/एग्र.इको.एण्ड.मार्केटिङ/कृषि अर्थ अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट एग्री इकोनोमिक्स वा एग्री बिजनेस मुख्य विषय लिई बि.एस्सी.एग्र. वा सो सरह उत्तीर्ण गरेको।

१२. प्रदेश कृषि/माटो विज्ञान/माटो विज्ञान अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण गरेको।

१३. प्रदेश कृषि/बाली विकास/बाली विकास अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण गरेको।

१४. प्रदेश कृषि/भेटेरिनरी /पशु चिकित्सक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.भि.एस्सी. एण्ड. ए.एच. वाडि.भि.एम. वा सो सरह उत्तीर्ण गरेको।

१५. प्रदेश कृषि/ला.पो.डे.डे./पशु विकास अधिकृत पदका लागि: मान्यताप्राप्त शिक्षण संस्थावाट बि.एस्सी.(एनिमल साइन्स वा डेरी साइन्स) वा बि.टेक.(डेरी टेक्नोलोजी वा लाभइष्टक एक्सटेन्सन) वा बि.भि.एस्सी. एण्ड ए.एच. वा सो सरह उत्तीर्ण।

१६. प्रदेश कृषि/मत्स्य विकास/मत्स्य विकास अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट बि.एस्सी.एग्र./बि.एस्सी.(पशु विज्ञान) /बि.भि.एस्सी.एण्ड ए.एच.वा वा सो सरह उत्तीर्ण गरेको।

१७. प्रदेश ईन्जिनियरिङ्ग/सर्भे/नापी अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट सर्भे वा जियोमेटिक्स इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

१८. प्रदेश वन/स्वायल एण्ड वाटर कन्जरभेसन/भू-संरक्षण अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इन्जिनियरिङ्ग वा वन वातावरण विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

१९. प्रदेश वन/जनरल फरेष्टी/वन अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट सिल्भिकल्चर, वनस्रोत मापन(फरेष्ट मेन्सुरेन्स) वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन, भू-तथा जलाधार व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

२०. प्रदेश वन/फरेष्ट रिसर्च/तालिम तथा अनुसन्धान अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट वन विज्ञान वा वन्यजन्तु/पार्क व्यवस्थापन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा वातावरण व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

२१. प्रदेश शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

२२. प्रदेश प्रशासन/तथ्याङ्क/तथ्याङ्क अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्कशास्त्र, गणित, जनसंख्याशास्त्र वा सप्लाइड स्टाटिस्टिक्स विषयमध्ये कुनै एक विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको।

२३. प्रदेश स्वास्थ्य/कम्यूनिटी नर्सिङ्ग/कम्यूनिटी नर्सिङ्ग अधिकृत सातौ पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट पब्लिक हेल्थ(कम्यूनिटी हेल्थ नर्सिङ्ग) विषयमा स्नातकोपाधि प्राप्त गरेको।

२४. प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन/इन्टोमोलोजिष्ट सातौ पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट जनस्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण गरेको।

२५. प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन/जनस्वास्थ्य अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट जनस्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण गरेको।

२६. प्रदेश स्वास्थ्य/फर्मेसी/फार्मेसी अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

२७. प्रदेश स्वास्थ्य/बायोमेडिकल ईन्जिनियरीङ्ग/बायोमेडिकल इन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट बायोमेडिकल इन्जिनियरिङ विषयमा स्नातक तह वा मेडिकल इलेक्ट्रोनिक इन्जिनियरिङ उत्तीर्ण गरेको।

२८. प्रदेश स्वास्थ्य/मेडिकल रेकर्ड/मेडिकल रेकर्ड अधिकृत पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्याशास्त्र वा एप्लाइड स्टाटिस्टिक्स बिषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा गणित वा तथ्याङ्कशास्त्र मूल बिषयमा स्नातक गरी कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

२९. प्रदेश स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफी टेक्नोलोजिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट रेडियोग्राफी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ।

**(घ)** आदिवासी जनजातिका हकमा: नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**(ङ)** मधेशीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गराएको कागजात।

**(च)** दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातीको सूचीको आधारमा तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**(छ)** थारुका हकमा : थारु आयोगबाट सूचीकृत भएको जातिको सूचको आधारमा तर, थारु आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**(ज)** विपन्न खस आर्यका हकमा : प्रचलित कानून बमोजिम प्राप्त गरेको गरिब घरपरिवार परिचय पत्रको आधारमा वा त्यसरी परिचय पत्रको व्यवस्था नभएसम्मको लागि कानून बमोजिम नेपाल सरकारले तोकेको न्यूनतम वार्षिक आय भएका खस आर्य समूदायको नागरिक भएको भनी स्थानीय तहले सिफारिस गरेको प्रमाणित कागजात दरखास्तसाथ पेश गर्नुपर्नेछ।

**(झ)** मुस्लिमका हकमा : मुस्लीम आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, मुस्लीम आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

***(ञ)*** *स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लावाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयवाट लिएको, माथी उल्लेखित ऐनले तोकेका जिल्लामा विवाह गरी वा बसाइँसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराईको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराई गरेको कागजात।*

### द्रष्टव्य

**(ञ)** आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

**(ट)** लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

**(ठ)** लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

**(ड)** खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

**(ढ)** प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (१४) मा उल्लेख भएबमोजिम संघीय निजामती सेवा, सबै प्रदेशका निजामती सेवा वा सबै स्थानीय सेवामा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुल्ला वा अन्तरतह प्रतियोगिताद्धारा पदपूर्ति हुने पदको समान पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन।

**(ण)** पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list बाट प्राप्त गर्न सकिनेछ। सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ।

**(त)** दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने

उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुर बुझाई दरखास्त दिने अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

**(थ)** माथी नखुलेका विषयहरु प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ।

**(द)** दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।